NEPALI #2
HIGHLIGHTS LIFE CHRIST



# प्रभु येशू ख्रीष्टको जीवनका विशेषताहरू

२ - #2

## येशू ख्रीष्ट – महान गुरू

- तयारीका वर्षहरू
- येशू ख्रीष्ट परमेश्वरको कामको निम्ति अभिषिक्त हुनु भएको
- येशू ख्रीष्टले एक गाउँको स्त्रीलाई शिक्षा दिनु भएको
- येशू ख्रीष्टले एक धनी मानिसलाई शिक्षा दिनु भएको

यशैयाको अगमवाणी प्रभु येशूमा पूरा हुनआयो । उहाँले जताततै गएर सुसमाचार प्रचार गर्नुभयो । उहाँले बिरामीहरू-लाई छोएर निको पार्नुभयो; अन्धालाई दृष्टि दिनुभयो र पापको बन्धनमा परेकाहरूलाई छुटकारा दिनुभयो । येशू ख्रीष्टले यशैयाको यस अगमवाणी बारे भन्नुभयोः "आजको दिन यो धर्मशास्त्रको लेख ममा पूरा भएको छ ।"

## उत्तर लेख्नुहोस्

३. लूका ४:१८-२९ पदहरू कण्ठ गर्नुहोस् ।

४. कुन नामको अर्थ 'अभिषेक गरिएको' हो ।

..............................................................................................

५. किन येशूले बिरामीहरू निको पार्नु भयो ?

................ (क) उहाँलाई निको पार्ने विद्या थाहाथियो ।

................ (ख) उहाँलाई औषधी सम्बन्धी ज्ञान थियो ।

................ (ग) निको पार्नलाई पवित्र आत्माले उहाँलाई अभिषेक गर्नु भएको थियो ।

## प्रभु येशूले एक गाउँकी स्त्रीलाई शिक्षा दिनु भएको

### येशू ख्रीष्ट सामरिया भएर जानु भएकोः



येशू ख्रीष्टले आफ्नो सहायताको निम्ति बाह्रजना व्यक्तिहरूलाइ छान्नु भयो जसलाई हामीहरू उहाँको चेलाहरू अथवा शिष्यहरू भन्दछौं । यिनीहरूमध्ये दुइजना मत्ती र यूहन्नाले येशूको जीवन-सम्बन्धी लेखे । येशू ख्रीष्टले सामरिया भ्रमण गर्नु भएको कुरा यूहन्नाले वर्णन गरेका छन् ।

गालीलदेखि यरूशलेम जाने बाटो सामरियाको प्रान्त भएर जानु पर्थ्यो । धेरैजसो यात्रीहरू लामो बाटो भएर यरूशलेम जाने गर्दथे । कारण तिनीहरू सामरीहरूलाई नीच दृष्टिले हेर्दथे । सामरीहरू भिन्नै जाति र चालचलनका मानिसहरू भएका हुनाले तिनीहरू उनीहरूलाई नीच दृष्टिले हेर्दथे । तर प्रभु येशू ख्रीष्ट सामरीहरूलाई त्यस्तो दृष्टिले हेर्नु हुन्नथ्यो । प्रभु येशू हरेक जातिलाई एक समान प्रेम गर्नुहुन्थ्यो । यसैले येशू सामरियामा पनि मुक्तिको सुसमाचार सुनाउन जानुभयो ।

## उत्तर लेख्नुहोस्

६. के प्रभु येशू सामरीहरूको मित्र हुनुहुन्थ्यो ?

.......... (क) अहँ ! सामरीतरू भिन्नै जाति र धर्मका थिए।

.......... (ख) हो ! येशूले हरेकलाई प्रेम गर्नुहुन्थ्यो।

.......... (ग) अहँ ! सामरीहरू अति पापी थिए।

## संतुष्ट पार्ने जीवनको पानी

येशू ख्रीष्ट सामरियाको एक गाउँको एउटा इनारको डीलमा बस्नुभयो। चेलाहरू शहरमा खानेकुरा किन्न गएका थिए ! एउटी सामरी स्त्री पानी भर्न आई र येशूले त्यससंग पानी माग्नुभयो। प्रभु येशूले त्यस स्त्रीसँग कुरा गरेकोले त्यसले अचम्म मानी।

येशूले भन्नुभयो, "तिमीले परमेश्वरको वरदान र पानी पिउन देऊ भनेर तिमीलाई भन्ने मलाई को हो, चिनेकी भए तिमीले उसँग माग्ने थियौ र उसले तिमीलाई जीवनको पानी दिने थियो।" त्यस स्त्रीले भनी हजुर तपाईंसित उघाउने भाँडो छैन। इनार गहिरो पनि छ। तब कहाँबाट तपाईंसित त्यो जीवनको पानी आउँछ ?" येशूले भन्नुभयो, "यो पानी पिउने प्रत्येक व्यक्ति फेरि तिर्खाउनेछ, तर मैले दिने त्यो पानी जस्ले पिउला त्यो कहिल्यै तिर्खाउनेछैन। तर जुन पानी त्यसलाई म दिनेछु त्यो पानी त्यसमा अनन्त जीवनसम्म उम्रिरहने पानीको मूल बन्नेछ।" यूहन्ना ४:१०-१४

हाम्रो शरीरलाई पानीको आवश्यक पर्दा हामीहरूलाई तिर्खा लाग्छ। यसै प्रकार हाम्रो आत्मा पनि शरीर झैं तिर्खाउँछ। जबसम्म हाम्रो यो आत्मिक तिर्खा मेटिंदैन, तबसम्म हामीहरू असन्तुष्ट भइरहन्छौं।

त्यस सामरी स्त्रीले शारीरिक प्रेमद्वारा सन्तुष्टी पाउने इच्छा गरेकी थिई। पाँचपल्टसम्म त्यसले विवाह पनि गरी सकेकी थिई। जुन मानिससँग ऊ अहिले बसेकी थिई त्यो उसको लोग्ने थिएन। त्यस स्त्रीलाई देख्ने बित्तिकै येशूले त्यसको जीवन बारे सबै कुरा थाहा पाउनुभयो। प्रभु येशूलाई थाहा थियो कि जबसम्म त्यस स्त्रीको पाप क्षमा हुँदैन तबसम्म त्यो कहियै पनि खुशी हुन सक्तिन। यसैले उहाँले उसको पापको बारेमा बताउनु भयो। त्यस स्त्रीले येशूले भन्नुभएको कुरालाई ग्रहण गरी।

सामरी स्त्रीले येशू परमेश्वरको जन र अगमवक्ता हुनुहुन्छ र उहाँले अवश्यनै उसलाई सहायता गर्न सक्नु हुन्छ भनी त्यसले थाहा पाई । परमेश्वरलाई कसरी पुज्न सकिन्छ भनी त्यस स्त्रीले सोधी । येशूले दिनु भएको यस उत्तरलाई कण्ठ गर्नुहोस्:–

> "परमेश्वर आत्मा हुनुहुन्छ र उहाँलाई पुज्नेहरूले आत्मा र सत्यतामा पुज्नु पर्दछ ।" यूहन्ना ४:२४

येशूले उहाँ आफै नै ख्रीष्ट हुनुहुन्छ भनी प्रकट गराउनुभयो । त्यस स्त्री आफ्नो मुक्तिदातालाई भेटेर अति आनन्दित भई । त्यस समयदेखि उसको सारा जीवन परिवर्तन भयो । आनन्दले भरिएर येशू ख्रीष्टको बारेमा उसले अरूहरूलाई बताउन लागी । किनभने तिनीहरूलाई पनि जीवनको पानीको आवश्यकता थियो ।

> "अनि अरू धेरैले उहाँको वचनको कारण उहाँमथि बिश्वास गरे र त्यस स्त्रीलाई तिनीहरूले भने, "अब तिम्रो भनाइको कारणले होइन, तर अब हामीहरू बिश्वास गर्दछौं किनभने हामी आफैले सुनेका छौं र उहाँ साँच्चिनै संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीहरूले थाहापायौं ।" यूहन्ना ४:४१–४२

मानिसहरू नशालु वस्तु, प्रेम, भोग–विलास, शिक्षा, उच्च पद, धर्मकर्म, असल कामहरू वा बैरागी जीवन बिताएर आनन्द उपभोग गर्ने प्रयत्न गर्दछन, तर यिनीहरूमध्ये कुनैले पनि सन्तुष्टी दिन सक्तैन । खाली येशू मात्रै मुक्तिदाता हुनुहुन्छ जसले तपाईको आत्मिक तिर्खा मेटाउन सक्नु हुन्छ ।

### प्रार्थना

"हे मेरा सृष्टिकर्ता परमेश्वर, तपाई मेरो तृषित आत्माको आवश्यकतालाई जान्नु हुन्छ । कृपया मेरा पापहरू क्षमा गरिदिनुहवस् । मलाई जीवनको पानी दिनुहोस् ताकि मेरो आत्मिक तिर्खा मेटियोस् । आत्मा र सत्यतामा तपाईको पूजा गर्न मलाई सिकाउनुहोस् । प्रभु येशू ख्रीष्ट मेरो र सारा संसारको मुक्तिदाता हुनुहुन्छ भनी जान्नलाई मलाई सहायता गर्नुहोस् ।"

### उत्तर लेख्नुहोस्

७. के तपाईले येशू ख्रीष्टमा साँचो शान्ति पाउनुभयो ?

............................................................

के तपाई शान्ति पाउन चाहनु हुन्छ ? ..................

माथिको प्रार्थनालाई पाँच पटक दोहोऱ्याउनोस् ।

## प्रभु येशू खीष्टले एक धनी मानिसलाई शिक्षा दिनु भएको

एकपल्ट एक जना धनी मानिसले कुदेर आई येशूको सामुन्ने घुंडा टेकेर सोध्यो, "हे उत्तम गुरु, अनन्त जीवन पाउनलाई मैले के गर्नु पर्दछ ?" ऊ असल काम गरेर स्वर्गको राज्यभित्र पस्न चाहन्थ्यो। त्यस धनी मानिसले हत्या, चोरी, व्यभिचार गरेको थिएन। झूठ बोलेको वा कसैलाई धोका दिएको पनि थिएन। उसले आफ्नो आमा–बाबुको आज्ञा पालन गरी आएको थियो।



त्यस मानिस असल थियो तापनि उसमा एक कुरा घटी थियो। स्वर्गको राज्यमा पस्नको लागि कोही मानिस पनि योग्य छैन। त्यस मानिसको पाप नै उसको स्वार्थिपना थियो। अरूलाई सहायता गर्नुको सट्टा ऊ आफ्नो सुख विलासको चिन्ता गर्दथ्यो। उसले परमेश्वरलाई भन्दा बढी धनलाई प्रेम गर्दथ्यो। सामरी स्त्रीलाई झैं उसलाई पनि मुक्तिको खाँचो थियो। यसकारण साँचो शान्ति र अनन्त जीवन पाउनलाई हामीहरूले परमेश्वरलाई प्रथम स्थान दिनु अनिवार्य छ।

> येशूले त्यसमाथि नजर गरी त्यसलाई माया गरेर भन्नुभयो, "तिमीलाई अझ एउटा कुराको अभाव छ। जाऊ तिम्रो जे जति छन बिक्री गर र गरीवहरूलाई देऊ, अनि तिमीले स्वर्गमा सम्पत्ति पाउनेछौ र आएर मेरो पछि लाग।"
>
> मर्कूस १०:२१

प्रभु येशूले उसलाई अनन्त जीवन दिनुहुन्थ्यो जसको खोजी उसले गरिरहेको थियो। तर विचरा धनी मानिस उदास भएर फर्कियो। उसले स्वर्गीय धनलाई चुन्नुको सट्टा साँसारिक धन-लाई चुन्यो।

### उत्तर लेख्नुहोस्

८. के धनी मानिसले ठीक कुरो चुन्यो ? ..............................

९. के तपाई असल मानिस बनेर स्वर्गमा प्रवेश गर्न सक्नुहुन्छ कि ? ..............................

बधाई

अब तपाईंले पाठ दुइ सिध्याइसक्नु भएको छ। अब तपाईं आफ्नो नाम, पूरा ठेगाना, रोल नम्बरसहित पाठ दुइको प्रश्नको उत्तर "उत्तर पृष्ठहरू" जाँचको निम्ति तलको ठेगानामा हामीहरूकहाँ फिर्ता पठाउनुहोस्। खाममा ठीक टिकट टाँस्न नभुल्नुहोला।

## सुझाव र प्रार्थनाको निवेदन

यदि तपाईंको कुनै आत्मिक आवश्यकता या समस्या छ भने तपाईंको शिक्षक खुशीसाथ तपाईंको निम्ति प्रार्थना गर्न चाहनु हुन्छ। कृपया यस सम्बन्धी उत्तर पृष्ठमा भएको खाली ठाउँमा लेख्नुहोस्।

ठेगानाः


इण्टरनेशनल करेस्पोण्डेन्स इन्स्टिट्यूट
पो. अ. ब. ४१६
काठमाडौं

International Correspondence Institute
P. O. Box 416
Kathmandu



मुद्रकः वण्डर प्रिन्टिङ्ग प्रेस, नरदेवी, काठमाडौं
फोन नं. १४२२३, र १४२२४